निर्णय नं :२

नमुना सदरमुकाम सम्बन्धमा भवन निर्माणको लागी थप बजेट व्यवस्थाको लागी पहल गर्ने तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु समेत स्थापना गर्न र यस सम्बन्धमा प्रदेश सरकारसँग समेत बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं:३

जिल्लाको नाम नवलपुर जिल्ला संविधानमा व्यवस्था गर्न नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं ४

नवलपुरमा रहेका खहरे खोलाहरुले के कति नम्वरी जग्गा डुवान र कटान गरेको छन् विवरण निकाल्ने र नदी व्यवस्थापनबाट नम्वरी जग्गाको उकास गर्ने सम्बन्धमा सम्बन्धित निकायमा डेलिगेसन गर्ने निर्णय गरियो ।

निर्णय नं:५

राष्ट्रपति चुरे भावर संरक्षण क्षेत्रको विषयमा उक्त क्षेत्रका खोला नियन्त्रण तथा व्यवस्थापनको लागी सम्बन्धित निकायलाई ध्यानाकर्षण गर्ने निर्णय गरियो ।

निर्णय नं:६

नवलपुर जिल्लामा रहेको ऐतिहासिक परम्परागत धार्मिक स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकसित गर्ने योजनालाई निति तथा योजनामा समेट्नुपर्ने माग नेपाल सरकार, प्रदेश सरकार समक्ष प्रस्तुत गर्ने एवं स्थानीय तह स्तरवाट गर्न सक्ने निति तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं:७

कावासोती स्थित लैङ्गिक हिंसा पिडित संरक्षण गृहलाई सबै पालिकाहरुको संयुक्त प्रयासमा स्तरोन्नती गर्ने निर्णय गरियो ।

निर्णय नं: ८

नवलपुर जिल्ला नमुना सदरमुकाम केरुङ्गे खोलावाट अति जोखिममा रहेकोले व्यवस्थापनको लागी सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं:९

निशुल्क, गुणस्तरीय शिक्षा प्रदान गर्न सबै पालिकाहरुसँग छलफल अन्तरक्रिया गरी आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं: १०

दलित, महिला, जनजाती, अपाङ्ग, विपन्न वर्ग, अल्पसंख्यक जातजातीको समग्र उत्थानको लागी सचेतनामुलक र आत्मनिर्भर सम्बन्धी सीपमुलक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग कार्यक्रम माग गरी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं:११

ढुंगा गीटि बालुवा किनबेच तथा बिक्री वितरणको लागि दुरी र गुणस्तरको आधारमा मुल्यमा हेरफेर गरि वैज्ञानीक मुल्य सहितको कानुनी ब्यवस्था गर्न प्रदेश सरकार समक्ष प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

निर्णय नं:१२

धौवादी फलाम खानी उत्खनन् कार्य छिटो छरितो रुपमा अगाडी बढाउने सन्दर्भमा सम्वन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं: १३

सुकुम्वासी तथा भूमीहिनहरुको समस्या समाधानको लागि जिल्ला स्थित समितिलाई सिघ्र कार्य सम्पादनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं:१४

त्रिवेणी दुम्कीवास सडक निर्माणको लागी आवश्यक वजेट ब्यवस्थापनको लागि संघीय सरकार तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं:१५

नम्वरी जग्गामा भएको नदीजन्य तथा माटोजन्य पदार्थलाई उपभोग र विक्रि गर्न पाउने कानून बनाउनको लागी प्रदेश सरकारसँग माग गर्ने।साथै पालिकातहवाट यस सम्वन्धमा यथासम्भव नितिगत सम्वोधन गर्ने निर्णय गरियो ।

निर्णय नं:१६

नारायणी नदी तटबन्धन सम्बन्धमा सम्बन्धित पालिकाहरुको समेत सहभागितामा संघ सरकार तथा प्रदेश सरकार समक्ष पहल गर्ने निर्णय गरियो ।

निर्णय नं:१७

देवचुली नगरपालिका अन्तर्गत लोकाहा खोलामा प्रस्तावित औद्योगीक ग्राम घोषणा कार्यक्रमलाई यथासक्य छिटो कार्यान्वयन गर्न प्रदेश सरकार समक्ष आग्रह गर्ने निर्णय गरियो ।

निर्णय नं:१८

कुम्सोत कोखे सडक वाटो निर्माण सम्वन्धमा संघीय सरकार तथा प्रदेश सरकार समक्ष आग्रह गर्ने निर्णय गरियो।

निर्णय नं:१९

डिभिजन बन कार्यालयमा रहेको ढलेपडेको काठहरु ठेक्का टेन्डर खुलाउँदा मूल्य वृद्धि भएकोले बिक्रि बितरण नभएर असहजता भएको हुँदा यसको दर क्युफिटको हिसाबले दररेटमा हेरफेर,

CamScanner

पुन मुल्याङ्कन गरि विक्रि वितरणलाई सहज वनाउन सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं:२०**

नवलपुर जिल्लाको समग्र पर्यटन विकासको सम्भाब्यता पहिचान गरि यसका लागि आवश्यक निति योजना तथा कार्यक्रम संचालन गर्न सवै स्थानीय तहका सरकार ले पहल गर्ने तथा संघीय सरकार र प्रदेश सरकारलाई यस सम्वन्धमा ध्यानाकर्षण गराउने निर्णय गरियो।

**निर्णय नं २१**

मध्यवर्ती क्षेत्रले यस जिल्लामा पारेको असर र प्रभाव वारे छलफल सम्पन्न भयो। यसवाट प्रभावित जनतालाई कसरी सहजीकरण गर्न सकिन्छ भन्ने सम्वन्धमा सम्वन्धित निकायमा ध्यानाकर्षण गर्ने निर्णय गरियो ।